बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय, हेटौंडाको

# महिला उद्यमीहरुले निवेदन पेश गर्ने सम्वन्धी सुचना

**सूचना प्रकाशन मिति: २०८०/०६/११**

यस मन्त्रालयको चालू आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बागमती प्रदेश भित्रका १३ जना महिला उद्यमीहरुलाई प्रविधि सहयोग स्वरुप विउ पूँजी उपलब्ध गराउने कार्यक्रम रहेको छ। महिला उद्यमशीलता विकास वित्तीय पहँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन (२०८०/०६/२५) भित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा तपसिल बमोजिमका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

**महिला उद्यमी र महिला उद्यमी समूहले कार्यविधिको अनूसुचि १ को ढाँचा बमोजिमको निवेदन साथ पेस गर्नुपर्ने कागजातहरु:**

१. उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र
३. कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र
४. आवश्यकता अनुसार व्यावसायिक इजाजतपत्र
५. व्यावसायिक योजना
६. माग गरेको प्रविधि र सो प्रविधिको क्षमता।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदकहरुको नामनामेशी र मूल्याङ्कनका आधारहरु सूचना प्रकाशित भएको समयावधि समाप्त भएको भोलिपल्ट अर्थात १६ औं (२०८०/०६/२६) दिनमा मन्त्रालयमा अनिवार्य रुपमा पठाइसक्नु पर्नेछ र निवेदनहरुका साथ संलग्न कागजातहरुको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी छनोट गरी निवेदन दिने म्याद समाप्त भएको मितिले १५ दिन (२०८०/०७/१०) भित्र यस मन्त्रालयमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै महिला उद्यमशीलता विकास वित्तीय पहँच टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको वेभसाइट **www.mosd bagamati.gov.np** मा हेर्न सकिले व्यहोरा समेत अनुरोध छ।

**नोट:** ११९ वटै स्थानीय तहले यसै सूचनालाई आंधार मानी महिला उद्यमशीलता विकास वित्तीय पहँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन अनुरोध गरिन्छ। तसर्थ यस कार्यविधि विपरित एक स्थानीय तहबाट दुई वा सो भन्दा बढी महिला उद्यमी सिफारिस गरी पठाएमा र सूचनाको समयावधि समाप्ति भईसकेपछि सिफारिस गरी पठाएका महिला उद्यमीहरु अर्थात निवेदकहरुलाई मूल्याङ्कनमा समावेश गरिने छैन।